अनुसूची - ६
(विनियम ११ को (२) सँग सम्बन्धित)

## कर्मचारी सञ्चय कोष

## विनियम ३ को उपविनियम (१) को (ख) अनुरुपका जग्गा/घरजग्गाको धितोमा आधारित सापटी प्रवाह प्रयोजनको लागि धितो लिन सकिने क्षेत्रहरु :

(४) धनकुटा जिल्ला

(४.१) धनकुटा नगरपालिका :

(क) नगरपालिकाका वडा नं. १ देखि ७ भित्रका क्षेत्र,

(ख) नगरपालिकाका वडा नं. ९ र १० अन्तर्गत कोशी राजमार्ग सडक अन्तर्गत दायाँबाँया ३०० मिटर सम्मका क्षेत्र र सिधुवा बजार क्षेत्रमा दायाँबाँया ३०० मिटर सम्मका क्षेत्र ।

(४.२) पाखिबास नगरपालिका :

(क) नगरपालिकाका वडा नं. ४, ५, र ६ भित्रका पाखिबास चोकदेखि चारैतर्फ १ कि.मि र पाखिबासदेखि हिले सडकको १०० मिटर सम्मका क्षेत्र,

(४.३) साँगुरीगढी गाउपालिका:

(क) कोशी राजमार्गस्थित भेडेटार चोक बाट चारैतर्फ ५०० मिटर सम्मका क्षेत्र,

(४.४) छथर जोरपाटी गाउपालिका :

(क) कोशी राजमार्गको मुलघाटदेखि साविक परेवादिन गा.वि.सको सिधुवाबजारसम्म राजमार्गमा पर्ने क्षेत्र ।

(३९) संखुवासभा जिल्ला

(३९.१) कोसी राजमार्ग अन्तर्गत खाँदबारी नगरपालिका वडा नं. ८ स्थित विदाई चौतारादेखि खाँदबारी नगरपालिका वडा नं. ३ स्थित सुमन चोकसम्म राजमार्गको पश्चिमतर्फ बजार क्षेत्रको पीच वा ढलान सडकले छोएको क्षेत्र ।

(३९.२) खाँदबारी नगरपालिका वडा नं. १ जिल्ला समन्वय समितिको प्रवेशद्वारदेखि पश्चिमतर्फ खाँदबारी नगरपालिका वडा नं. ८ पिप्लेस्थित नेपाल विद्युत प्राधिकरणको कार्यालयसम्म पीच वा ढलान सडकसँग जोडिएको क्षेत्र ।

(३९.३) कोसी राजमार्ग अन्तर्गत खाँदबारी नगरपालिका वडा नं. ९, तुम्लिङटारस्थित कत्लेभञ्ज्याङ देखि उत्तरतर्फ मुङलिङचोक (बैद्य गाउँ) सम्म राजमार्गको दायाँबायाँ २०० मिटर भित्रको क्षेत्र ।

(३९.४) खाँदबारी नगरपालिका वडा नं. ९ तुम्लिङटारस्थित तुम्लिङटार विमानस्थलको मूल प्रवेशद्वार देखि उत्तरतर्फ कोलोनी टोल (अरुण तेस्रो जलविद्युत आयोजनाको कार्यालय) सम्म सडकको दायाँबायाँ २०० मिटर भित्रको क्षेत्र ।